# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/०६/१२ (संख्याः ५**


## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

### २०७७ सालको कार्यविधि नं. ५

### कार्यविधिको नाम : छत्रकोट गाँउपालिकाको मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०६।०९

छत्रकोट गाउँपालिका भित्र रहेका खानेपानी मुहानको संरक्षण, दर्ता, समुचित वितरण र उपभोग सम्बन्धमा समसामयिक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ एवं अनुसुची ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र छत्रकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता (व्यवस्थापन तथा संचालन) ऐन,

२०७६ को परिच्छेद ३ को दफा (५) बमोजिम छत्रकोट गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सक्षिंत नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम मुहाँन दर्ता सम्वन्धि कार्यविधि २०७७ रहेको छ ।

खं) यो कार्यविधि छत्रकोट गाउँपालिका गाउँ कार्यपालिबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले छत्रकोट गाउँपालिका सम्भनु पर्दछ ।

ख) कार्यालय भन्नाले छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय सम्भनु पर्दछ ।

ग) वडा भन्नाले छत्रकोट गाउँपालिका अर्न्तगत सबै वडाहरु सम्भनु पर्दछ ।

घ) प्राविधिक भन्नाले कार्यलयमा कार्यरत प्राविधिक शाखावाट खटाईएको सम्वन्धित प्राविधिक सम्भनु पर्दछ ।

ङ) सहकारी भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्भनु पर्नेछ ।

च) श्रमदान भन्नाले प्रस्तावक वा सेवा ग्राहिले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्भनु पर्दछ ।

छ) मुहाँन दर्ता गर्ने अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले त्योकिएको व्यात्ति सम्झनु पर्दछ ।

ज) मुहान भन्नाले गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

झ) उपभोक्ता भन्नाले जलस्रोत सगँ सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३. उपभोक्ता संस्थाको गठन** : संस्थागत रुपमा जलस्रोत (मुहान दर्ता) उपयोग गर्न चाहन व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको जलस्रोत उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

**४. संस्थाको दर्ताकोलागि दरखास्त दिनुपर्ने** : नियम ३ बमोजिम जलस्रोत उपभोक्ता संस्था गठन गरी मुहान दर्ता गराउन चाहने सम्वन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा सातजना उपभोक्ताहरु रहेको उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैया दस्तुर खानेपानीको लागि र व्यवसायिक प्रयोजनको लागि रु ५००० हजार रुपैया दस्तुर सहित गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

मुहान दर्ताको लागि अनुसुची ३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासगँ सम्बन्धित देहायका विवरणहरु खुलाई गाउँपालिकाको जलस्रोत समिति समक्ष दुई प्रति दरखास्त फारम दिनु पर्नेछ ।

**निम्न बमोजिमका कागजातहरु हुनुपर्नेछ ।**

क) परियोजनाको विवरण

ख) परियोजना रहने स्थान

ग) पानीको स्रोत र उपयोगि हुने पानीको परिमाण

घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम
ङ) तदर्थ पदाधिकारीको नागरिकता
च) ३५ दिने सुचना टाँसको वडा मुचुल्का (अनुसुची-१ बमोजिम)
छ) सम्वन्धित वडा कार्यालयको सिफारिस
ज) एक प्रति विधान
झ) प्राविधिक प्रतिवेदन

**अनुमतिपत्र नविकरण गर्ने :**

क) यस ऐन वमोजिम जलस्रोत उपयोग गर्नको लागि मुहान दर्ता लागि दिईएको अनुमति पत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिको नविकरण गर्नु पर्नेछ नविकरण शुल्क खानेपानी प्रयोजनको लागि रु.५००। र व्यवसायिक प्रयोजनको लागि रु.२०००। लाग्नेछ ।

**५. विधानमा खुलाउनु पर्ने विवरणहरु :** नियम ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धि देहायका विवरणहरु खुलाउनु पर्नेछ ।

क) पुरा नाम र ठेगना
ख) उद्देश्य तथा कार्य क्षेत्र
ग) सदस्यका लागि योग्यता र सदस्यता शुल्क
घ) सदस्यको निष्काशन र राजिनामा
ङ) हक दावि, नामसारी वा हकवालाको मनोनयन
च) साधारण सभा सम्बन्धि
छ) सञ्चालक समितिको गठन
ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था
झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

ञ) कोष र लेखापरीक्षण
ट) विधान संसोधन
ठ) विघटन
ड) विविध

**गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने :**

१. छत्रकोट गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

२. कसैले यस ऐन वमोजिम उपयोग गरेको जलस्रोत र सो सगँ सम्बन्धीत जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि तथा जनहितको लागि छत्रकोट गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

३. उपदफा (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्वन्धित जग्गा, भवन,उपकरण वा संरचना वापतको मुल्यांकन गरी गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए वमोजिम क्षतिपुर्ति दिने वा दान दानव्यंको रुपमा लिन सक्नेछ ।

४. गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्याक्ति,निकाय वा संगठित सस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरुसगँको समन्वयमा पर्यटन व्यवसायको सम्भाव्यता तथा उद्योगधन्दा सगँ अध्यायन गरी आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

## परिच्छेद-३
## गाउँपालिकाको जलस्रोत सम्वन्धी व्यवस्था

**गाउँपालिकाको जलस्रोत समितिको गठन :**

१. छत्रकोट गाउँपालिका भित्र रहेको जलस्रोत उपयोग आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए वमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहनेछ ।

स्थानीय जलस्रोत समितिमा देहायका पदाधिकारी रहनेछन् ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
ख) उपाध्यक्ष - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) प्राविधिक शाखा प्रमुख - सदस्य
ङ) सम्वन्धित वडाको वडा अध्यक्ष - पदेन सदस्य
च) सम्वन्धित वडाको कार्यपालिका सदस्य - पदेन सदस्य
छ) योजना शाखा प्रमुख - सदस्य सचिव

२. आवश्यकता अनुसार सम्वन्धित वडाका वडा सदस्य तथा अन्य वडाका वडा अध्यक्ष लाई आमन्त्रीत गर्न यस ऐनले वाधा पुऱ्याएको मानिनी छैन् ।

**गाउँपालिकाको जलस्रोत समितिको काम, कर्तव्य र अधिकार**

**समितिको काम कर्तव्य र अधिकार :**

क) मुहानको उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने:

खं) मुहानको उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

ग) मुहान संरक्षणमा कुनै प्रश्न उठेमा वा विवाद उठेमा आवश्यक जाचँबुझ गरी विवाद मिलान गर्ने ।

घ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## अनुमतिपत्र सम्बन्धि व्यवस्था

**१. अनुमति पत्रको व्यवस्था :**

जलस्रोत उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक,प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए वमोजिमको अन्य विवरणहरु खुलाई छत्रकोट गाउँपालिकाको कार्यालय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिइएकोमा पानीको मुहान वरावर दरखास्तको व्यहोरा खुलाई सूचना टाँस गर्नु पर्नेछ । सूचनाको नमूना **अनुसुची-१** वमोजिम हुनेछ ।

२. उपदफा (१) वमोजिम परेको दरखास्तमा सम्बन्धीत गाउँपालिकाको तोकिदिएको अधिकारीले आवश्यक जाचँबुझ गरी गराई दरखास्त परेको मितिले ७० दिन भित्र जलस्रोत उपयोग समिति को सिफारिस वमोजिम सम्वन्धि दरखास्तवालाई अनुमति दिने वा नदिने अन्तिम निर्णय गर्नेछ । अनुमति पत्रको नमूना **अनुसुची २** बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विविध

**१. जलस्रोतको मुहानलाई प्रदुषित गर्न नहुने :**

छत्रकोट गाउँपालिका क्षेत्र भित्रको मुहानको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास,

विष, रसायनिक वा विषालु पदार्थ हालि वा प्रयोग गरी जलस्रोतको मुहानलाई प्रदुषित गर्न हुदैन ।

२. **वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुने :**

छत्रकोट गाउँपालिका क्षेत्र भित्रको मुहानको उपयोग गर्दा भूक्षय, वाढी, पहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

३. **बाधा अड्कन फुकाउ :** यस कार्यविधिको अन्तिम व्यवस्था एवं बाधा अड्काउ फुकाउने कार्य छत्रकोट गाउँपालिकाले गर्ने छ ।

४. **परिमार्जन तथा संशोधन :**

यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्ने छ ।

अनुसूची-१

(कार्यविधिको परिच्छेद ४ को दफा १ सगँ सम्वन्धित)

**खानेपानी मुहान दर्ता सम्बन्धि**

**सूचना । सूचना ॥ सूचना**

छत्रकोट गाउँपालिका वडा नं.......................स्थित ...............मा....................खानेपानीको मूहान दर्ता गरि पाउँ भनि ...............खानेपानी उपभोक्ता समितिका अध्यक्ष /सचिव वा समितिले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित खानेपानीको मुहान दर्ता गर्ने सम्वन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्वन्धमा कुनै वाधा व्यवधान भएमा सूचना प्रकाशित भएपछि समय फरक नपर्ने गरि प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उपर गर्नु यो सूचना प्रकाशित गरिएको छ ।

जलस्रोत समिति
छत्रकोट गाउँपालिका
चोयगा, गुल्मी

**अनुसूची-२**
**(कार्यविधिको परिच्छेद ४ को दफा २ सगँ सम्वन्धित)**
**छत्रकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चोयगा, गुल्मी**

## मुहानदर्ता सम्वन्धि प्रमाण पत्र

श्री..........................................उपभोक्ता समिति
दर्ता मिति :
दर्ता नं :

श्री ......................................................उपभोक्ता समिति छत्रकोट गाउँपालिका वडा नं. ............... गुल्मी । छत्रकोट गाउँपालिकाको जलस्रोत ऐन ................... को नियम ̇.............. उपनियम....................बमोजिम ...............साल .................. महिना................ गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ । छत्रकोट गाउँपालिकाको जलस्रोत ऐन ....... र जलस्रोत कार्यविधि २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहीः
नाम,थर :
पदः

अनुसूची-३

(कार्यविधिको परिच्छेद २ को दफा ३ सगँ सम्वन्धित)

**मुहाँन दर्ता अनुमतिपत्रको लागि दरखास्त :**

श्री अध्यक्ष ज्यू,
छत्रकोट गाउँपालिका जलस्रोत समिति,

मुहान दर्ता गर्नको लागि छत्रकोट जलस्रोत कार्यविधि,२०७७ को परिच्छेद ४ को दफा ३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्याक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. उद्देश्य :

३ मुहानको नाम :

३. मुहान भएको क्षेत्र :

६. जलस्रोत प्रयोग गरिने क्षेत्र :

५. जलस्रोतबाट गरिने प्रयोग :

६. उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :

८. उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

९. सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

४. उद्देश्यहरु :

क ख ग

४. सदस्यहरुको नाम :

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :
नाम :
पद :
ठेगना :
मिति :

प्रमाणिकरण मितिः २०७७।०६।१२

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत